# □□□□□□□ □□□□□□□□□□□ □.□. □□□□/□□□ □□□□ □□□ □□□□□□□□□

**नगर सभा सदस्यज्यूहरु**,
**सम्पूर्ण कर्मचारीहरु तथा सञ्चारकर्मी मित्रहरु**,

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट मुलुकको चौतर्फी विकासको आकांक्षा पुरा गर्न नेपालको संविधान बमोजिम दोस्रो पटक स्थानीय तहको निर्वाचन पश्चात स्थानीय सरकारले विभिन्न विषय क्षेत्रसँग सम्बन्धित सरोकारवाला तथा नगरवासीहरुको अमूल्य सुझावहरू समेटिने गरि तयार गरिएको बाँसगढी नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय नगरसभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु ।

यस अवसरमा सर्वप्रथम समाजको आमूल परिवर्तन र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना सम्मको विभिन्न कालखण्डमा जनआन्दोलन,जनक्रान्ति र जनयुद्धहरुमा आफ्नो अमूल्य जीवन अर्पण गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरू प्रति उच्च श्रद्धाका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । ति आन्दोलनहरूको अग्रपङ्क्तिमा रहेर नेतृत्व गर्नुहुने अग्रजहरूमा उच्च सम्मान व्यक्त गर्दछु । मुलुकको राजनीतिलाई संघीय शासन प्रणाली सहितको लोकतान्त्रिक गणतन्त्रको यस स्वरूपमा ल्याउन महत्वपूर्ण योगदान गर्नुहुने अग्रज एवं घाइते योद्धाहरू तथा बेपत्ता नागरिक प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

बाँसगढी नगरपालिकालाई सुन्दर, समृद्ध, सबल र आत्मनिर्भर बनाउने यस अभियानमा सम्पूर्ण नगरवासी दाजुभाइ दिदीबहिनीहरू, नागरिक समाजका सदस्यहरू, साझेदार संस्थाहरू, टोल विकास तथा बरघर संस्थाहरू र सरकारी तथा गैरसरकारी संस्थाहरू, वित्तिय तथा सहकारी संस्थाहरू, विभिन्न सञ्जाल तथा क्लबहरूले सँगसँगै हातेमालो गरी सहयोग गरिदिनुहुन समेत अनुरोध गर्दछु ।

□□□□□□ □□□□□□□□□□□□,

सचेत र संस्कारयुक्त नेपाली नागरिकको अथक मेहनत र गौरवपूर्ण बलिदानबाट प्राप्त संविधान बमोजिम सार्वभौम जनता मार्फत निर्वाचित प्रतिनिधिवाट गठन भएको नगरपालिकाका नगरवासीको आधारभुत हक तथा अधिकारप्रति सचेत रहँदै **"बाँसगढी नगरः सुन्दर, समृद्ध, सवल र आत्मनिर्भर"** भन्ने सोचका साथ नेपाल सरकारको **"समृद्ध नेपाल, सुखी नेपाली"** तथा प्रदेश सरकारको **"समृद्ध प्रदेशः खुसी जनता"** को राष्ट्रिय तथा प्रादेशिक आकांक्षा पूरा गर्ने अभियान प्रति नगरपालिकाको पूर्ण प्रतिबद्धता रहेको जानकारी गराउँदछु ।

राष्ट्रिय हित र स्वाभिमानको संरक्षण एवं प्रबर्द्धन गर्ने तथा जनताका समस्याहरू पहिचान गरी सम्बोधन गर्ने जनताका प्रतिनिधि जनप्रतिनिधि नै हुन भन्ने विश्वास बलियो हुँदै गएको छ । जनप्रतिनिधिहरूको भूमिका नीति निर्माण र विकास निर्माणको अगुवाइ, अनुगमन, एवं जनताको सुखः दुखमा साथ दिने गरी सशक्त बन्दै गइरहेको छ । जनताको पूर्ण लोकतन्त्र, सुशासन, समावेशिता, जनउत्तरदायी सरकार, भ्रष्टाचारमुक्त, सभ्य र सुसंस्कृत एवं कर्तव्यनिष्ठ समाज निर्माण गर्न बाँसगढी नगरपालिका दृढ रहनेछ ।

बाँसगढी नगरपालिकाका सम्पूर्ण नगरवासीका भावना तथा आवश्यकतालाई प्राथामिकताको आधारमा सामाजिक रुपमा जीवनस्तर सुधार गर्न तथा विकास र समृद्धिको अपेक्षा पुरा गर्न सुशासन कायम गर्दै अगाडी बढ्ने संकल्प गर्दछु ।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, संघीयता कार्यान्वयनमा सहजीकरण गर्ने संघीय कानूनहरू, प्रदेश कानूनहरू, बाँसगढी नगरपालिकाले बनाएका कानूनहरू, योजना तथा बजेट तर्जुमा गर्न नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शनहरूवाट हामीले निर्वाचनको बेला जनतासँग गरेका

प्रतिबद्धतालाई मुख्य आधारमा लिई यस नगरक्षेत्रमा बसोबास गर्ने दिदीबहिनी र दाजुभाइहरूको सर्वोत्तम हितलाई मध्यनजर गर्दै समावेशी र सहभागितामूलक नीति अबलम्बन गरिने छ ।

□□□ □□□□□ □□□□□□□□□□□□

□□ □ □□□□□□□ □□□□□□□□□□□ □□□□□□
□□□□ □□□□□□□□ □□ □□□□ □□□
□□□□□□□□□ यस गरिमामय नगरसभा समक्ष
□□□□□□□□ □□□□ □□□□□□□□ □

1) **"खाऊ आफ्नै बारीको: नखाऊ सिमा पारीको"** भन्ने उद्देश्यकासाथ स्थानीय उत्पादन र उत्पादकत्वमा वृद्धि गरि **एक घर: एक करेसाबारी** कार्यक्रम सञ्चालन गरिनेछ । करेसाबारी विकास तथा अन्य कृषि कार्यक्रमहरुमा महिला, फरक क्षमता भएका व्यक्ति, दलित, लोपोन्मुख, अति बिपन्न, सीमान्तकृत, अतिसीमान्तकृत जनजातिलाई प्रोत्साहित गर्दै यस्ता समूहले सञ्चालन गर्ने करेसाबारीको लागि आवश्यक मल, बिउ र कीटनाशक औषधि खरिदमा अनुदान दिइनेछ । कृषि तथा पशुपन्छी बीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
2) **"एक वडा, एक कृषि पकेट क्षेत्र**" कार्यक्रमलाई नगरपालिकाका सम्पूर्ण वडाहरूमा सम्भाव्यता अध्ययन गरी खाद्य, तरकारी तथा फलफुल बाली पकेट क्षेत्र स्थापना गरिने छ । कृषकहरूमा नयाँ प्रविधि हस्तान्तरण गर्ने उद्देश्य तथा कृषि पेशालाई सम्मानजनक पेशाका रुपमा पहिचान गरी कृषिमा आवद्ध भएका कृषकहरूलाइ प्राथमिकता दिई विषयगत तालिम, गोष्ठी, अभिभुखिकरण र विभिन्न क्षमता विकासका कार्यक्रमहरू सन्चालन गरिने छ ।

3) **"खनौं आफ्नो माटो: छोडौ विदेशको बाटो"** अभियान अन्तर्गत वैदेशिक रोजगारबाट फर्केका र वैदेशिक रोजगारीमा

जान बाध्य हुने युवाहरूलाई कृषि क्षेत्रमा आकर्षित गर्न **युवा स्वरोजगार कृषि कार्यक्रम** सञ्चालन गरिनेछ । गुणस्तरीय बीउ, मल, सिचाई, उत्पादन र बजारिकरणको कृषि चक्रको हरेक चरणमा सहुलियत र प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ । नगरपालिकाको सम्पूर्ण खेतियोग्य जमिनमा सिचाँई सुविधा पुर्याउन र ठूला सिचाँई आयोजनाहरू सन्चालन गर्न प्रदेश सरकार र संघीय सरकारसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ । कृषि योग्य भूमिलाई बाँझो नराख्ने तथा बाँझो खेतलाई लिज वा भाडामा लिई कृषि गर्ने नीति अवलम्बन गरिनेछ । नगरपालिकाको पहलमा किसानका जग्गा एकीकृत गरी व्यवसायिक अन्नबाली, बेमौसमी तरकारी खेती, नगदे वाली तथा फलफुल खेती गर्न युवा कृषक समूहहरूलाई अनुदान सहित प्रोत्साहित गरिनेछ । निर्वाहमुखी कृषि प्रणालीबाट निर्यातमुखी कृषि प्रणालीको नीति अवलम्बन गरी वैज्ञानिक कर प्रणालीद्वारा कृषि आयातलाई न्यूनिकरण गरिनेछ । कृषिमा यान्त्रिकीकरण, ब्यबसायीकरण, औद्योगिकरण गर्दै आधुनिक कृषि प्रविधि सँग जोडी उत्पादनमूलक दिगो कृषि प्रणालीको विकास गरिनेछ ।

४) **खेतवारीमा पानी** : **खाडीमा हैन नगरमै जवानी**ः कृषियोग्य सम्पूर्ण जमिनमा सिँचाइ सुविधा उपलब्ध गराई जमिनको उत्पादन र उत्पादकत्व बढाउन संघीय तथा प्रदेश सरकार र अन्य विकास साझेदारहरुसँगको साझेदारीमा बबई सिँचाइ आयोजनाबाट सिञ्चित हुन नसकेका क्षेत्रमा सिँचाइको ब्यबस्था गरिनेछ । पूर्व - पश्चिम राजमार्ग देखि उत्तर तर्फ सिँचाइको सुविधा नभएका क्षेत्रमा वृहत विद्युतिकरण सहितको भूमिगत सिँचाइ आयोजनालाई संघ तथा प्रदेश सरकारको साझेदारीमा यसै वर्षदेखि विस्तृत आयोजना प्रतिवेदन तयार गरि आयोजना सञ्चालन गरिनेछ ।

५) **"बालिमा विषादी, स्वास्थ्यमा बर्वादी"** भन्ने कार्यक्रमलाई प्राङ्गारिक मल तथा जैविक खेती पद्धतिलाई अवलम्बन गरिनेछ

। प्राङ्गारिक मलको प्रयोग गरी अर्गानिक कृषि उत्पादन गर्ने कार्यलाई प्रोत्साहन गर्दै माटोको गुणस्तर सुधारका लागि नगरपालिका मै मिनी माटो परिक्षण प्रयोगशाला स्थापना गरि कृषकहरूको निःशुल्क माटो परिक्षण कार्य सञ्चालन गरिनेछ । वडाहरुमा घुम्ती माटो परिक्षण शिविर सञ्चालन गर्नुका साथै कृषकले उत्पादन गरेको कृषिजन्य वस्तु आलु ,प्याजको शित भण्डारणमा अनुदानको व्यवस्था र कृषिजन्य उत्पादनको बजारिकरणको लागि कृषि हाटबजार सञ्चालनका गर्न निजी तथा सहकारी संस्थासँग लागत साझेदारीमा सहकार्य गरिनेछ । कृषि हाटबजारमा कृषि उपज बिक्री गर्ने सम्पूर्ण कृषकहरूलाई प्रोत्साहन स्वरुप अनुदान प्रदान गर्ने नीति अवलम्बन गरिनेछ । बाँसगढी नगरपालिका वडा नं ८ मा रहेको लक्ष्मणा कृषि हाटबजार र बाँसगढी नगरपालिका वडा ५ मा रहेको कृषि हाट बजार लाई स्तरोन्नति गरी किसानहरूको कृषि उपजलाई सोही हाटबजारमानै संकलन गरि बजारीकरण गर्ने ब्यवस्था मिलाइने छ । अन्य वडाहरूमा सम्भाव्यताको अध्ययन गरी कृषि हाटबजार बिस्तार गरिने छ ।

6) जैविक मल प्लान्ट/ प्राङ्गारीक मल कारखाना निर्माण गर्न विशेष कदम चालिने छ । महिला लगायत समावेशी समूहबाट उत्पादन तथा वितरण गरिने प्राङ्गारिक मलमा विशेष अनुदान दिने व्यवस्था मिलाइने छ ।

7) वास्तविक किसानहरूको पहिचान गरी किसान परिचय पत्र उपलब्ध गराइने छ । अनुदान लगायतका सम्पूर्ण कृषि क्रियाकलापमा किसानहरूलाई सोही परिचय पत्रको आधारमा आवद्ध गरिने छ ।

8) **"उत्पादन हातमा, अनुदान साथमा"** भन्ने भावनाकासाथ कृषकहरूले उत्पादन गरेको कृषिजन्य बस्तुको आधारमा अनुदानका कार्यक्रम सञ्चालन गरिने छ । विपन्न वर्ग, न्यून आय भएका मुक्त कमैया कम्लहरी, दलित जनजाती, द्वन्द्वपीडित, पिछडिएका, मुस्लिम तथा मधेसीहरूलाई खाद्यान्न

तथा तरकारी बीउबिजनमा अनुदान प्रदान गरीने छ । ब्यबयसायीक रुपमा खेती गर्ने उत्कृष्ट कृषक तथा कृषक समुहहरुलाइ सम्मान गरिने नीति अबलम्बन गरिने छ । कृषि बालिमा हुने रोगकीरा नियन्त्रणका लागि बाली संरक्षणका विभिन्न कार्यक्रमहरू तथा वडाहरूमा घुम्ती शिविरहरू सञ्चालन गरिने र नगरपालिका भित्रका मल ,विषादीको कारोबार गर्ने एग्रोभेट, एग्रो सेन्टर, कृषि फर्म, भेट सेन्टरहरू सूचिकृत गरी नियमित अनुगमन तथा निरीक्षण गरिनेछ । गाइ /भैसी/बाख्रा/बंगुर/माछा/कुखुरा पालन गर्ने किसानहरूलाई उत्पादनको आधारमा अनुदान तथा पशुहरूमा नश्ल सुधारको कार्यक्रम सञ्चालन गरिनेछ ।

९) छिमेकी मुलुकबाट भित्रिने तरकारीहरूलाई प्रतिबन्ध गरी तरकारी संकलन केन्द्र सञ्चालन गरि आफ्नै किसानहरूको अर्गानिक तरकारीहरूलाई प्रोत्साहन गरिने छ । कृषि तथा पशुपालन गर्ने किसानहरूलाई विद्युतीय मिटरमा सहुलियत तथा अनुदानका कार्यक्रमहरू सञ्चालन गरिने छ । किसानको सहजताको लागि आगामी आर्थिक वर्षदेखि अनुदान कार्यक्रमहरूको निवेदन संकलन तथा वितरण सम्बन्धित वडा कार्यालयबाट गर्ने व्यवस्था मिलाइनेछ । अंधिया/बटैया गर्ने कृषकहरुका लागि विशेष सहुलियतका कार्यक्रम संचालन गरिनेछ ।

१०) **किसानसँग स्थानीय सरकार : कृषिको समग्र विकास, रोजगारी सृजनाको आधार** भन्ने अभियानका साथ परम्परागत निर्वाहमुखी कृषि प्रणालीलाई कृषिको यान्त्रिकरण, आधुनिकीकरण र व्यवसायिकरण गरि उत्पादनमूलक दिगो कृषि प्रणालीलाई जोड दिइनेछ । अनुदान प्रदान गरिसकेपछि सोको निरन्तर अनुगमन गर्ने प्रणालीको विकास गरिनेछ र अनुदान प्राप्त गर्नेलाई सोही प्रकृतिको अर्को अनुदान प्रदान नगर्ने नीति लिइनेछ ।

11) **मेरो आधार : स्थानी सरकार** भन्ने अभियानका साथ कृषि क्षेत्रमा संलग्न कृषक र अन्य क्षेत्रमा संलग्न श्रमिकहरुलाइ मागमा आधारित सामाजिक सुरक्षामा आबद्द गर्ने नीति लिइनेछ ।

12) कृषकहरूले पालेका सम्पूर्ण पशुपन्छी तथा माछाको सुरक्षण गरि पशु धन जोखिममुक्त पालिका बनाउन आवश्यक व्यवस्था गरिने छ । साथै बर्दिया राष्ट्रिय निकुञ्ज, मध्यवर्ती क्षेत्र तथा सामुदायिक वनक्षेत्रका कृषकहरूले पालि राखेका पशुकपंक्षीको सुरक्षाको लागि पशुपंक्षी बिमा कार्यक्रमलाइ थप प्रभावकारी बनाइने छ । अनुत्पादक भएका पशुको समयमै समस्याको निवारण, सङ्क्रामक रोग नियन्त्रणको लागि बाँसगढी नगरपालिकाका सम्पूर्ण घरपालुवा पशुपंक्षीमा खोपको सुनिश्चितता गरिने छ ।

13) कृषकहरूले उत्पादन गरेका उत्पादनको उत्पादकत्व लागत घटाउन परम्परागत पशु पालन पद्धतिलाई रूपान्तरण गरि आधुनिक व्यवसायिक पशुपंन्छी पालनका निमित्त आवश्यक भौतिक पूर्वाधार निर्माण, मेसिनरी औजार उपकरण प्रयोग, साईलेज, हे तथा बाह्रै महिना हरियो घाँस उत्पादन गरि प्रतिइकाई उत्पादन लागत घटाई प्रतिस्पर्धी तथा मुनाफा बढाउने प्रविधिका कार्यक्रम सञ्चालन गरिने छ ।

14) **एक वडा एक कृषि/ पशु प्राविधिक** कार्यक्रम मार्फत कृषकहरूलाई होम डेलिभरी मार्फत कृषि तथन पशु सम्बन्धी सेवाहरू प्रदान गरिने छ । सम्भाव्यताका आधारमा कृषि तथा पशु पालन पकेट क्षेत्र कार्यक्रम संचालन गरिनेछ ।

15) छाडा चौपाया ब्यबस्थापनका लागि स्थापना भएको बद्रिनाथ गौशालालाइ थप व्यवस्थित बनाइ नगरको आम्दानी सँग जोडिने छ ।

16) सहकारी संस्थाको संस्थागत क्षमता अभिवृद्धिका लागि नियमित अनुगमन, सहकारी सम्बन्धी विभिन्न तालिमहरू, सहकारी अवलोकन भ्रमण तथा सहकारी सचेतना लगायतका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१७) गरिबिको रेखामुनि रहेका महिला, दलित, जनजाति, मुस्लिम, थारू, सीमान्तकृत, द्वन्द्व पीडित, पिछडिएको बर्ग, फरक क्षमता भएका व्यक्ति र बिपन्न परिवारलाई आर्थिक तथा सामाजिक विकासका लागी सीपमुलक तथा आयआर्जनमूलक कार्यक्रम सञ्चालनमा जोड दिइनेछ ।

१८) बाँसगढी नगरपालिकाको स्थानीय आवश्यकतालाई मध्यनजर गरी सहकारी ऐनको मर्म बमोजिम सहकारीहरुलाई आपसमा एकीकरण (मर्ज) का लागि प्रोत्साहन गरिनेछ । साथै नगरको नियमन क्षेत्रभित्रका सहकारी संस्थाहरूलाई लक्ष्य अनुरूप सञ्चालन गर्न प्रेरित गर्दै त्यस्ता सहकारी संस्था मध्ये उत्कृष्ट सहकारी संस्थालाई पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ । सहकारी सम्बन्धी तथ्याङ्क अद्यावधिक गरि प्रकाशन गरिनेछ ।

१९) नगरपालिकाको नियमन क्षेत्राधिकार भित्रका सम्पूर्ण सहकारी संस्थाहरूलाई सहकारी तथा गरिबी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा आवद्धता वृद्धि गर्दै लगिनेछ । सहकारी संस्थाहरूका लेखांकन प्रणालीलाई व्यवस्थित गर्न वेब एप्लिकेशन (Software) प्रयोगमा प्रोत्साहन गरिनेछ ।

२०) राष्ट्रिय अर्थतन्त्रको एक महत्वपूर्ण कडीका रुपमा रहेका सहकारी संस्थाहरूलाई संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारसँगको समन्वय, सहकार्य र लागत साझेदारीमा रोजगारी सिर्जना र उद्यमशीलताको प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरी गरिबी निवारण गर्ने नीतिलाई निरन्तरता दिइनेछ । कृषि, शिक्षा, स्वास्थ्य, बायोग्यास, उपभोक्ता, फोहोरमैला संकलन तथा प्रशोधन, प्राङ्गारिक मल तथा जैविक विषादी उत्पादन गर्ने जस्ता क्षेत्रमा सहकारीहरुलाइ परिचालन तथा प्रवर्द्धन गरिनेछ ।

२१) अर्थतन्त्रका प्रमुख तीन खम्बा मध्येको एक सहकारी क्षेत्रलाई आम नगरवासीहरुको जीवनसँग आवद्धता गराइ उद्यमशीलता प्रवर्द्धन मार्फत बेरोजगारी समस्याको न्यूनिकरणमा परिचालन गरिनेछ । साथै सहकारी मार्फत लागत साझेदारीमा सहुलियत

ब्याजदरमा ऋण लगानी गरी महिला उद्यमी, युवा, किसान लगायतका सम्पूर्ण लक्षित समुदायमा स्वरोजगारका कार्यक्रम सञ्चालन गरिनेछ ।

22) महिला, दलित, लोपोन्मुख सीमान्तकृत तथा अतिसीमान्तकृत जनजाति समूहले सञ्चालन गरेका साविकमा गरिबी निवारण कोष अन्तर्गत बनेका विभिन्न समूहहरूलाई एकीकृत गरी सहकारीसंस्थाहरुमा समायोजन गर्ने नीति लिइनेछ ।

23) **"म पनि बन्छु उद्यमी"** कार्यक्रम सञ्चालन गरी वैदेशिक रोजगारीबाट फर्केका युवा तथा नयाँ व्यवसाय सुरु गर्न इच्छुक ब्यक्तिहरूलाइ उद्यमी बन्न उत्प्रेरित गरिनेछ । स्थानीय उत्पादनलाइ सरकारी,गैरसरकारी तथा शिक्षण संस्थाहरुमा प्राथामिकतासाथ उपयोग गर्ने नीति लिइने छ । औद्योगिक ग्रामको स्थापना गरि औद्योगिक पूर्वाधारको विकास लघु, साना एवं मझौला उद्योगहरूको स्थापना र विकास गर्न सहकारी तथा निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ । सहकारी तथा निजि क्षेत्रसँगको लागत साझेदारी तथा ब्यबस्थापन सहभागितामा स्थानीय बस्तुहरुको उत्पादन, आपूर्ती तथा बजारीकरण सम्बन्धी कार्यहरु गरिने छ । हरित वातावरण निर्माण गर्न उद्योग तथा व्यवसायीहरूलाई सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

24) नियमित व्यापार व्यवसाय सञ्चालन गरी पालिकामा दर्ता रहेका व्यवसायीहरूलाई **व्यवसाय बिमा अभियान कार्यक्रम**मा सहभागि गराइनेछ । दर्ता नभइ घुमन्ते/फिरन्ते ब्यापार गर्न निशेध गरिने छ । पालिका भित्रका बजारहरूमा कार्यतालिका बनाई नियमित अनुगमनको ब्यवस्था गरिनेछ □

**□□□□□□ □□□□□□□□□□□□□,**

25) **□□□□ □□□□□: □□□□□□□□□ □□□□□□□** दिगो, वातावरणमैत्री, पारदर्शी, गुणस्तरीय र जनसहभागितामूलक, सार्वजनिक निजी साझेदारी (PPP) र सन्तुलित विकास हुने

गरि यस आर्थिक वर्षमा नगर गुरुयोजना तर्जुमा गरि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन लक्ष्यहरू निर्धारण गरिने छ । विषयगत योजना, मध्यमकालिन खर्च संरचना, आयोजना /परियोजना बैंक, खरिद गुरुयोजना, वार्षिक खरिद योजना, वार्षिक कार्यसम्पादन कार्यतालिका, आयोजना प्राथमिकीकरणका आधार, बजेट सिमा निर्धारणका आधारहरू तयार गरि स्पष्ट लक्ष्य निर्धारण गरि दिगो सन्तुलित र योजनाबद्ध विकासको नीति लिईनेछ । आयोजना सञ्चालन गर्दा आवश्यकता अनुसार वातावरणिय प्रभाव मूल्यांकन (EIA), प्रारम्भिक वातावरणीय परीक्षण (IEE), संक्षिप्त वातावरणीय अध्ययन (BES), विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गरि सोही अनुसार आयोजना सञ्चालन गरिनेछ ।

26) **सुरक्षित भवन : बलिया संरचनाः** राष्ट्रिय भवन निर्माण आचारसंहिता र भवन निर्माण मापदण्डको प्रभावकारी कार्यान्वयन गरि भूकम्प प्रतिरोधी संरचना निर्माणमा जोड दिइनेछ । नयाँ बन्ने भवनहरूको नक्सा पास प्रक्रियालाई अनिवार्य गरिनेछ । निर्माण भइसकेका पक्की भवनहरूको अभिलेखिकरणलाई अनिवार्य गरि भवन अभिलेखीकरणको अभियान सञ्चालन गरिनेछ ।

27) **□□□□□□□ □□□□□□□□□, □□□□□□□ □□□□ □□□□□□□□□□□□□** संघ, प्रदेश तथा अन्य विकास साझेदारहरूसँगको समन्वय र साझेदारीमा ठूला विकास आयोजनाहरू सञ्चालन गरिनेछ । सार्वजनिक पूर्वाधार निर्माण गर्दा विपद् जोखिम संवेदनशिल, अपाङ्गमैत्री, बालमैत्री तथा लैङ्गिकमैत्री बनाइनेछ । सामाजिक - आर्थिक विकासमा टेवा पुग्ने छिटो प्रतिफल दिने तथा आम नागरिकको जनजिविकालाई सहयोग पुग्ने गरि नगरवासीका वास्तविक आवश्यकताको सम्बोधन हुने गरि भौतिक पूर्वाधार छनोट तथा निर्माणमा जोड दिइनेछ । स-साना तथा टुक्रे आयोजना तथा अनुत्पादक क्षेत्रको लगानी निरुत्साहित गर्ने नीति लिइनेछ । यस आर्थिक वर्षदेखि

आयोजना मर्मतसम्भार कोष निर्माण गरिनेछ । हरेक योजनामा कट्टी हुँदै आएको ३% कन्टिन्जेन्सी रकमलाई २% कायम गरिनेछ ।

28) विकास निर्माणका आयोजना सञ्चालन गर्दा आउने विवाद, वाधा र द्वन्द्व निराकरणका साथै विकास निर्माणसँग सम्बन्धित निर्माण व्यवसायी, टोल विकास संस्था, बरघर संस्था र उपभोक्ता समितिहरूसँग छलफल तथा अन्तरक्रिया गर्नका लागि आयोजना सहजिकरण समिति गठन गरिनेछ । हरेक वर्ष उत्कृष्ट निर्माण व्यवसायी र उत्कृष्ट टोल विकास संस्था, बरघर संस्था र उपभोक्ता समितिलाई पुरस्कृत गर्ने परिपाटीको थालनी गरिनेछ । तोकिएको समयमा आयोजना सम्पन्न गर्नेका लागि विषेश छुट र सहुलियत र समयमा आयोजना सम्पन्न नगर्नेलाई थप आर्थिक दायित्व तथा जरिवाना गर्ने नीति लिइनेछ ।

29) अनुगमन तथा मूल्यांकन प्रणालीलाई थप प्रभावकारी बनाइनेछ । सञ्चालनमा आएका आयोजनाहरूको विस्तृत विवरण सबैको जानकारीका लागि पालिका भित्र सूचना पार्टीमार्फत प्रकाशित गरिनेछ । नगर भित्र सञ्चालन हुने विकास निर्माणका कामहरूलाई अनुगमन गरी गुणस्तरीय बनाउन हरेक आयोजना तथा कार्यक्रम सञ्चालन भएका स्थानहरूमा सुझाव पुस्तिकाको ब्यवस्था गरि आम नागरिकले समेत सल्लाह सुझाव दिन मिल्ने ब्यवस्था मिलाइने छ ।

30) □□□□ □□□□ □□□ □□□□□□□ : □□□□□□□□□□□□ □□□□□ बाँसगढी नगरपालिका क्षेत्र भित्रका टोल देखि वडासम्म, एक वडा देखि अर्को वडा सम्म, वडा देखि राजमार्ग र नगर कार्यपालिकाको कार्यालयसम्म सडक सञ्जालले जोड्ने गरि कृषिरोड सहितका रणनीतिक सडक योजना तयार गरि सडक गुरुयोजना अनुसार सडक स्तरोन्नति तथा कालोपत्रे गर्ने कार्यलाई प्राथमिकता दिइने छ । अबको ५ वर्षभित्र नगरपालिकाका रणनीतिक सडकहरू कालोपत्रे गर्ने निती लिइनेछ । डुबान क्षेत्रहरूमा नाली तथा

ढलनिकास, ऐतिहासिक कुला नाला तथा झरन सफाई, आवश्यकता अनुसार ह्युमपाइप जडान तथा कल्भर्ट पुल पुलेसा निर्माण, जैविक तटबन्धन तथा बायो इन्जिनियरिङलाई प्राथमिकता दिइनेछ । हरेक आयोजना तथा कार्यक्रमहरूको अन्तिम भुक्तानीका लागि सम्बन्धित वडाको सिफारिसलाई अनिवार्य गराई योजनामा वडाको जिम्मेवारी र अपनत्व वृद्धि गरिनेछ ।

31) **एक वडा** : **एक गौरवको आयोजनाः** यसै आर्थिक वर्षदेखि वडा भित्रका गौरवका आयोजना छनोट तथा प्राथमिकीकरण गरि एक वडा : एक गौरवको आयोजना कार्यक्रम सञ्चालन गरिनेछ । नगर गौरवका आयोजना कार्यान्वयनलाई प्राथामिकतामा राखिनेछ । व्यवस्थित सहर : स्वच्छ र हरियाली वस्तीको नीति अनुरुप निर्माण हुने हरेक सडकको दुवै तर्फ बृक्षा रोपण गरी हरित पेटिका निर्माण गरिने छ ।

32) "**तपाइको क्षमता हाम्रो लगानी**: **पढौँ पढाऔँ गरौ आम्दानी"** भन्ने अभियानका साथ सुरुवात गरिएको **पढ्दै कमाउदै कार्यक्रम**का रुपमा स्वयं सेवक शिक्षक परिचालन कार्यक्रमलाई सम्बन्धित संस्थासँगको समन्वयमा विषयगत तथा विधागत रुपमा थप व्यवस्थित बनाइ सञ्चालन गरिनेछ ।

33) **"पढ्नलाई आधार: दिन्छ मेरो सरकार"** विद्यार्थी दिवा खाजा तथा सहयोग कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गरिने छ । सिकाइ उपलब्धि न्यून देखिएका अंग्रेजी, गणित र विज्ञान विषयका लागि अतिरिक्त कक्षाको व्यवस्थापन, भौतिक संरचनाको मर्मत, आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निशुल्क गरी क्रमश माध्यामिकतहसम्मको शिक्षा पूर्ण रुपमा निशुल्क गर्ने नीति लिइनेछ ।

34) **"□□□□□□□□□ □□□□□ □□□□□□□□□: □□□□□□□□ □□□□□□□□ □□□□□□□ □□□□□□□□□□□□□"** कार्यक्रमका रुपमा वि.व्य.स., प्र.अ. र शिक्षकसँग कार्यसम्पादन करार सम्झौता गरी पुरस्कार र दण्डको नीति अवलम्बन गरिनेछ । विषयगत अनुगमन

सहजीकरण पुस्तिका सहित नियमित सामूहिक अनुगमन तथा सामुदायिक विद्यालयप्रति अभिभावकको विश्वास बढाउन **"बालबालिकामा लगानी: बुढेसकालमा आम्दानी"** अभियानका साथ **नगर प्रमुख शैक्षिक सरोकार** कार्यक्रम सञ्चालन गरिनेछ । यस अभियानमा शिक्षण सिकाइ क्रियाकलापलाइ प्रभावकरी बनाउन ICT को प्रयोगलाइ प्राथमिकता दिइने छ ।

35) बाँसगढी नगरपालिकाको पहिचानका रुपमा रहेको स्थानीय पाठ्यक्रम मेरो बाँसगढी परियोजना तथा अनुभव हस्तान्तरणका रुपमा सञ्चालन गरी प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाइनेछ । स्थानीय पाठ्यक्रमसँग सम्बन्धित थप सन्दर्भ सामग्री निर्माणमा जोड दिइनेछ ।

36) **"एक विद्यालय : एक फूलवारी"** कार्यक्रम सञ्चालन गरी हरेक विद्यालयमा कम्तीमा एउटा फूलबारी निर्माण, दिवा खाजाको **स्वच्छ खाजा स्वस्थ विद्यार्थी**का रुपमा प्रभावकारी कार्यान्वयन, विद्यालयमै स्वास्थ्यकर्मी अभियानका रुपमा शिक्षक र विद्यार्थीको स्वास्थ्य र पोषण तथा सुर्तीजन्य पदार्थ रहित विद्यालय, महिनावारी स्वच्छता, संवेग नियन्त्रण, प्रजनन स्वास्थ्य, मनोसामाजिक परामर्श लगायत किशोर किशोरी लक्षित स्वच्छ व्यवहार स्वस्थ जीवन सचेतना कार्यक्रम विद्यार्थी नेतृत्व, युवा क्लब तथा सङ्घसंस्थाको साझेदारीमा सञ्चालन गरिनेछ । स्थानीय उत्पादनको उपभोग हुने गरि विद्यालय खाजा कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

37) शैक्षिक सुधारका लागि शैक्षिक अनुभव तथा सीप आदानप्रदान कार्यशाला, शैक्षिक योजना तथा पूर्व तयारी, डायरी प्रयोग, आवश्यकताका आधारमा शिक्षक तालिम, वडा शिक्षा समिति मार्फत सामाजिक गतिविधिबाट विद्यालयमा परेको प्रभाव न्यूनीकरण, हरेक विषयको शैक्षिक सामग्री प्रदर्शनी, छिमेकी विद्यालय अवलोकन तथा विषयगत रुपमा पालिकागत स्रोत शिक्षक परिचालन, क्षमतावान उत्कृष्ट विद्यार्थी शैक्षिक

क्रियाकलापमा परिचालन, विषयगत तथा कार्यसम्पादन मूल्याङ्कनका आधारमा दरबन्दी मिलान र साविक गाविसको आधारमा नमूना विद्यालय सञ्चालन, आवश्यकता तथा औचित्यताको अध्ययन गरी विद्यालय समायोजन तथा आवासीय विद्यालय सञ्चालन, विद्यालयमा पालिका कार्यक्रम, नियमित परीक्षा अभ्यास कार्यक्रम सञ्चालन र प्रयोगात्मक कार्यलाई सीपसँग जोड्दै **हप्तामा एकबार एक सीप कार्यक्रम** लागू गरी गुणस्तरीय र जीवनोपयोगी शिक्षा बनाउने कार्यमा जोड दिइनेछ ।

३८) **"पढाऔँ, सिकाऔँ र बिकाऔँ"** भन्ने उद्देश्यका साथ प्राविधिक शिक्षाको व्यवस्थापन, संस्थागत विद्यालयको नियमन, सामुदायिक क्याम्पसको स्तरोन्नति तथा व्यवस्थापन गरी सामुदायिक विद्यालयको शैक्षिक सुधारमा सामुदायिक क्याम्पससँग साझेदारी र संस्थागत विद्यालयसँग अन्तर सम्बन्ध कायम गरी अनुभव आदानप्रदान कार्यक्रम सञ्चालन गरिनेछ । समानस्तरका बालविकास केन्द्रहरूलाई थप व्यवस्थित गरिनेछ । बाँसगढी नगरपालिकामा रहेका ककौरा र बाँसगढीका सामुदायिक पुस्तकालयहरूको सेवा प्रवाहलाई थप व्यवस्थित बनाई प्रतियोगितात्मक परीक्षाको तयारी गर्नेहरूका लागि स्रोत केन्द्र र अध्ययन स्थलका रुपमा विकसित गरिनेछ । प्राविधिक, ब्यवसायिक, सिपमुलक शिक्षामा प्राथमिकता दिइनेछ जसका लागि संघीय तथा प्रदेश सरकारको सहयोगमा स्नातक तह सम्मको पठनपाठन हुने गरि प्राविधिक शिक्षालय स्थापनाको लागि पहल गरिनेछ ।

३९) **बाँसगढीका खेलाडी : सधै अगाडी** भन्ने अभियानका साथ स्थानीयस्तरका विभिन्न विधाका खेलकुदहरू आयोजना गरि नयाँ खेलाडीको क्षमता पहिचान र प्रोत्साहित गरिनेछ । क्षेत्रिय, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा पदक प्राप्त गर्ने नगरको प्रतिष्ठा बढाउने खेलाडीहरूलाई पुरस्कृत र सम्मान गरिनेछ । जसका लागि खेलकुद विकास कोष निर्माण गरिनेछ । बाँसगढी का

युवा; वर्तमानका साझेदार भविष्यका कर्णधार भएकाले युवा लक्ष्यित कार्यक्रम संचालन गरिनेछ । एक वडा एक खेलमैदान कार्यक्रमलाई पूर्णता दिइनेछ । वडा नं ८ मा रहेको नगर स्तरीय खेलमैदानलाई बहुआयामिक खेलमैदानको रुपमा स्तरीकरण गरिने छ । साथै वडा नं. ४ मा रहेको राष्ट्रिय स्तरको कभर्डहललाई थप व्यवस्थित बनाइनेछ । विद्यालय स्तरीय अतिरिक्त क्रियाकलापलाइ शैक्षिक अङ्गका रुपमा स्थापित गर्न र पालिका स्तरीय खेलकुद विकास कार्यलाई थप व्यवस्थित गर्न नगर खेलकुद विकास समिति गठन गरी सञ्चालन गरिनेछ ।

40) नगर अस्पताल, स्वास्थ्य चौकीहरू, आधारभुत स्वास्थ्य केन्द्रहरू, शहरी स्वास्थ्य केन्द्र तथा नागरिक आरोग्य केन्द्रबाट प्रदान गरिदै आएका स्वास्थ्य सेवाहरुलाई थप गुणस्तरीय बनाउदै आवश्यकताका आधारमा गुणस्तरिय स्वास्थ्य सेवा विस्तार गर्दै लगिने छ ।

41) अति विपन्न, सीमान्तकृत तथा पछाडि परेका समुदायका गर्भवती, प्रसुती तथा सुत्केरी अवस्था जटिलता भएका महिलाहरूको प्रेषण व्यवस्थापन गर्न आर्थिक कठिनाइ पर्दा तत्काल सापटी रकम उपलब्ध गराउने उद्देश्यले प्रसुती केन्द्र भएका स्वास्थ्य संस्थाहरूमा आकस्मिक चक्रकोष सन्चालन गरिने छ

42) स्वास्थ्य संस्थाको संस्थागत क्षमता विकास, नियमित अनुगमन, स्वास्थ्यक्रमीको मनोबल बृद्दि तथा सुशासन कायम गर्ने कार्यलाइ प्राथामिकता दिइने छ । सबै नगर वासीको स्वास्थ्य सेवामा समतायुक्त पहुँच एवम् उपयोग सुनिश्चित गर्न लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

43) स्वास्थ्य सूचना प्रणाली तथा आपुर्ति व्यवस्थापनलाई थप व्यवस्थित बनाउन तथ्याङ्क लेखाजोखा (RDQA), समीक्षा कार्य तथा अनुगमन सुपरीवेक्षणलाइ प्रभावकारी बनाइने छ ।

44) विशेष गरी थारू समुदायमा देखिने सिकलसेल एनिमियाका बिरामीहरूको उपचारको प्रबन्ध र यस सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।

45) न्यूनतम सेवा मापदण्ड (Minimum Service Standard) तथा राष्ट्रिय चिकित्सा मापदण्ड (National Medical Standard) अनुसारको स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक पूर्वाधार, औषधी, औषधीजन्य सामाग्री, औजार तथा उपकरणहरूको यथोचित व्यवस्था गरिनेछ ।

46) नगरपालिका भित्र स्वास्थ्य सेवालाई सर्वसुलभ र प्रभावकारी बनाउन आवश्यक स्वास्थ्य संस्थाहरूको बिस्तार, व्यवस्थापन र स्तरोन्नति गर्न स्वास्थ्य जनशक्ति उत्पादन, दरबन्दी निर्धारण, जनशक्ति व्यवस्थापन, अनुसन्धान, प्रयोगशाला स्थापना र सञ्चालन, स्वास्थ्य उपकरण र पूर्वाधारको समुचित व्यवस्था मिलाइनेछ ।

47) स्वास्थ्य संस्थामा सुत्केरी हुने दर बढाइ मातृ तथा नवशिशु स्वास्थ्य र पोषण स्थितिमा सुधार ल्याउन स्वास्थ्य संस्थामा सुत्केरी गराउन आउने आमाहरूलाई थप प्रोत्साहनको ब्यवस्था गरिने छ । सुरक्षित मातृत्व तथा परिवार नियोजन कार्यक्रमलाई अझ बढी सुदृढीकरण गर्दै लैजानका लागि मातृ तथा नवजात शिशु तथा परिवार नियोजन योजना (MNCH/FP) को प्रभावकारी कार्यन्वयन गरिनेछ ।

48) ज्येष्ठ नागरिक, ५ वर्ष मुनिका बालबालिकाहरू र महिला स्वास्थ्य स्वयं सेविकालाई उपलब्ध गराउँदै आएको निःशुल्क स्वास्थ्य सेवा कार्यक्रमलाई निरन्तरता दिई महिला स्वास्थ्यस्वंसेविकालाई सामाजिक सुरक्षा कार्यक्रमसँग आवद्धता गरिनेछ ।

49) विद्यालयमा विद्यार्थीको नियमित स्वास्थ्य जाँच गर्दै किशोर किशोरीहरूलाई उचित परामर्शको ब्यवस्था गरि विद्यालय स्वास्थ्यलाई थप व्यवस्थित बनाइने छ ।

50) उच्च रक्तचाप, क्यान्सर, मधुमेह, दम, कलेजो, मिर्गौला, मेरुदण्ड पक्षघात लगायतका नसर्ने रोगको पहिचान, परिक्षण र उपचारका कार्यक्रमहरूलाई प्रभावकारी बनाउन प्रदेश तथा संघीय सरकारसँग समन्वय गरि आर्थिक सहायता प्रदान गर्न सोधभर्ना प्रणाली अबलम्बन गरिने छ ।

51) बाँसगढी नगरक्षेत्रमा सडक दुर्घटना न्यूनिकरणका लागि आवश्यक सचेतनामूलक कार्यक्रम गर्ने तथा यस नगरपालिकाका स्वास्थ्य संस्थाहरूमा सुत्केरी हुन नसक्ने अवस्थाका सुत्केरी र बाँसगढी क्षेत्रभित्र हुनसक्ने सडक दुर्घटनाका घाइतेको उपचारका लागि निशुल्क एम्बुलेन्स सेवाको व्यवस्था गरिनेछ ।

52) सफा तथा स्वच्छ खानेपानीको पहुँच बढाउन खानेपानी जाँच शिविर सञ्चालन तथा बायोस्याण्ड फिल्टर वितरण कार्यक्रमलाई सशक्त रुपमा सञ्चालन गरिनेछ । नगरक्षेत्रबाट निस्कने फोहोरको उचित व्यवस्थापन गरी वातावरणीय प्रदुषण कम गर्नुका साथै सरुवा रोगको नियन्त्रण कार्यलाई प्राथमिकता दिइने छ ।

53) सुर्तिजन्य बस्तुको प्रयोग, मादक पदार्थ सेवन, लागूपदार्थ दुर्व्यसनी लगायतका स्वास्थ्य समस्याहरूको सचेतिकरण कार्यक्रम तथा स्वस्थकर जीवनयापन गर्न प्रोत्साहन र प्रवर्द्धन गरिने छ ।

54) महिलाको प्रजनन रुग्णता सम्बन्धी जाँच शिविर सञ्चालन गरी जटिल स्वास्थ्य समस्या भएका महिलाहरूलाई निशुल्क उपचारको व्यवस्था मिलाइनेछ ।

55) मानसिक स्वास्थ्य तथा मनोसामाजिक सचेतिकरणका कार्यक्रम प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ ।

56) स्वास्थ्य तथा सरसफाइसँग सम्बन्धित कार्यक्रम प्रभावकारी तथा गुणस्तरीय बनाउन संघ प्रदेश तथा स्थानीय सरकारको प्राथमिकतामा परेका तथा जनस्वास्थ्यको हिसाबले संवेदनशील

रहेका कार्यक्रमलाई प्राथामिकताका आधारमा प्रभावकारी रुपमा कार्यन्वयन गरिनेछ ।

57) नगरभित्र पाइने जडिबुटीहरुलाई व्यवस्थापन र बजारीकरण गर्न जडिबुटी प्रशोधन तथा बजारीकरण गर्ने ब्यवस्था मिलाइने छ । योग विज्ञान, परम्परागत तथा प्राकृतिक आयुर्वेद चिकित्सा प्रणालिलाए प्राथमिकतासाथ अगाडि बढाइनेछ ।

58) नगर अस्पताललाई थप व्यवस्थित र सुविधासम्पन्न बनाउदै लगिनेछ । आधारभूत स्वास्थ्य चौकी तथा स्वास्थ्य केन्द्रहरुलाई थप व्यवस्थित गरि स्तरोन्नति गर्ने नीति लिइनेछ । आवश्यकताका आधारमा सहरी स्वास्थ्य केन्द्र स्थापना गर्न पहल गरिनेछ । स्वास्थ्य संस्थाहरूमा औषधीको अभाव नहुने गरि ब्यवस्था मिलाइनेछ । बाँसगढी नगर अस्पताललाई स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध गरी प्रथम सेवा विन्दु कायम गरिनेछ ।

59) नगरको वास योजना अनुरूप बाँसगढी नगरपालिकालाई पूर्ण सरसफाइ युक्त नगरपालिका घोषणा गर्न पहल गरिनेछ ।

60) महिलाहरूको आर्थिक तथा सामाजिक विकासका लागी उद्यमशीलतामा आधारित सीप विकास तालिम तथा आयआर्जनमूलक कार्यक्रम सञ्चालन गरि समुदायमा उदाहरणीय काम गरि सफल भएका महिला ,महिला समुह र सहकारीलाई व्यवसायिक अनुदान तथा पुरस्कृत गर्ने नीति लिइनेछ ।

61) फरक क्षमता भएका व्यक्तिहरूका लागी आवश्यक सहायक सामाग्री निशुल्क वितरण गरिनेछ । साथै सीप विकास तालिम ,आयआर्जन, नेतृत्व विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

62) लक्षित वर्गको तथ्याङ्क अद्यावधिक गर्ने र लैङ्गिक हिंसा निवारण कोष, बालसंरक्षण कोष स्थापना गरि हिंसापिडित महिला र बालबालिकालाई राहत उपलब्ध गराइनेछ । बालमैत्री, बालश्रममुक्त र बालविवाहमुक्त स्थानीय तह घोषणा गर्नका लागी आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

63) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षणका लागी कार्यक्रम सञ्चालन गरिनेछ । बाबुआमा विहीन बालबालिकाको लागी बालगृह स्थापना गरी पठन पाठन गराइने छ । बालबालिका सम्बन्धी मुद्दालाई सम्बोधन गर्नका लागी नगरपालिकामा एक जना समाजसेवी र बालमनोविज्ञ सूचीकृत गरी सेवा प्रवाह गरिनेछ । **एक छोरी एक बैङ्क खाता** कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

64) विभिन्न कार्यक्रमको माध्यमबाट लागूऔषध दुव्यर्सन विरुद्ध, पूर्ण स्वास्थ्यकर व्यवहार , हिंसा न्यूनीकरण र सामाजिक कुरुती विरुद्ध जनचेतना, जातीय छुवाछुत लगायत विभेद न्यूनीकरणमा जोड दिई सामाजिक जागरण सम्बन्धी सचेतनामूलक अभियान सञ्चालन गरिनेछ । हिंसापिडित महिला तथा बालबालिकाको लागी सुरक्षित आवास गृह स्थापना गर्ने नीति लिइनेछ । त्यस्तै लागू औषध दुर्व्यसनीलाई सुधार केन्द्रमा पुर्याउन समन्वय गरिनेछ ।

65) ज्येष्ठ नागरिकमा रहेको ज्ञान, सीप र अनुभव पुस्तान्तरण र हस्तान्तरण गर्न ज्येष्ठ नागरिक मिलन केन्द्रहरुसँग सहकार्य गरि कार्यक्रम सञ्चालन गरिनेछ । परम्परागत सीप कौशल भएका व्यक्तिको अभिलेखीकरण गरी उनीहरूमा रहेको सीप हस्तान्तरणका माध्यमबाट स्थानीय समुदायले उत्पादन गरेका सामाग्रीहरू कोसेली घरमार्फत खरिद बिक्रीको व्यवस्था मिलाइनेछ ।

66) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वका दिवसहरू मनाउने र स्थानीय आवश्यकता एवम् प्राथमिकता बमोजिम महत्वपूर्ण दिनहरूको सम्झनामा हर्षोल्लासका साथ आम जनसहभागितामा कार्यक्रमहरू सञ्चालन गर्ने नीति अंगीकार गरिनेछ ।

□□□□□□ □□□□□□□□□□□□,

67) **"सुन्दर हरियाली र सफा, समृद्ध र समुन्नत बाँसगढी नगर"** भन्ने अभियानका साथ हरित बाँसगढी नगरपालिका निर्माण गर्न

हरेक क्षेत्रमा वृक्षारोपण गर्न र गराउन बाँसगढी वासीलाई उत्प्रेरित गरिनेछ ।

68) बाँसगढी नगरपालिका वडा नं.३ लखनामा रहेको डम्पिङ साईटलाई थप व्यवस्थित बनाइ निजी क्षेत्र, सामुदायिक तथा गैरसरकारी संघसंस्था सँगको साझेदारीमा नगर स्तरीय फोहोरमैला व्यवस्थापन कार्यलाई स्पष्ट नीति तथा योजना बनाई प्रभावकारी तरिकाले व्यवस्थापन गर्दै ठोस फोहोरमैला व्यवस्थापनका लागि शून्य फोहोर  व्यवस्थापन (Zero Waste Landfill) को अवधारणालाई क्रमश कार्यन्वयन गर्दै लगिनेछ ।

69) बिपद् व्यवस्थापन तथा न्यूनिकरणका लागि आवश्यक ऐन कानुनको निर्माण, संस्थागत क्षमता विकास, बिपद् पूर्व तयारीका कृयाकलाप सञ्चालन गर्दै विपद् प्रतिकार्य योजनालाई अद्यावधिक गरी सोको प्रभावकारी रुपमा कार्यन्वयन गरिने छ । बाँसगढी नगरपालिका बिपद् प्रतिकार्य कार्यका लागि बिपद् सम्बन्धी कृतिम अभ्यास सहितको तालिमको ब्यवस्था मिलाइने छ । तत्काल गर्नु पर्ने उद्धारका कार्यहरूका लागि राहतको ब्यवस्था मिलाइने छ । उद्धारका उपकरण लगायतका सामाग्री थप व्यवस्थापन गरिने छ । बिपद् तथ्यांक प्रणाली मार्फत नगरका बासिन्दाहरूलाई जानकारी दिन बिपद् पोर्टल निर्माण गरिनेछ ।

70) **एक सामुदायिक वन, एक वन उद्यान, एक पानी पोखरी** अभियान सञ्चालन गरी  पर्यापर्यटनमा टेवा पुर्याइ जैविक विविधता संरक्षण गरिनेछ । वनको दिगो व्यवस्थापन, वन उद्यम प्रवर्दक र अन्य वन सम्बन्धी कार्यहरूमा आवश्यकता अनुसार अन्तरपालिका समन्वयमा गरिनेछ  ।

71) **"समृद्धिका लागि वन, वनमा फल्छ धन"** भन्ने अभियानका साथ बाँसगढी नगरपालिका भित्र वानस्पतिक स्रोत तथा जडीवुटिहरुको अध्ययन, अनुसन्धान, अभिलेखीकरण र गुण परिचालन तथा प्रविधि विकास गरी कागती, बेसार, अमला, कुरिल्लो लगायतका खेतीहरूको उत्पादन, विस्तार,

व्यवसयिकरण र मूल्य अभिवृद्धि सहित बजार निकासीको प्रवर्द्धन गरिनेछ । "**समृद्धिका लागि वन**" परियोजनालाई संघ, प्रदेश सरकार सँगको साझेदारीमा प्रभावकारी रुपमा कार्यन्वयन गर्दै वन व्यवस्थापन मार्फत वन पैदावार, जडीबुटी तथा फलफूलको व्यवसायिक खेतीको विकास गरिनेछ ।

72) **"दिगो विकासको कल्पनाः बाँसगढी बासीको चाहाना"** भन्ने मूल ध्येयका साथ राष्ट्रिय वन नीति र वातावरण मैत्री स्थानीय शासन (EFLGF) प्रारुपका सूचकहरुलाई चरणवद्ध रुपमा कार्यन्वयन गरिनेछ ।

73) **"एक घर, दुइ विरुवा, हामी आफै कुरुवा"** भन्ने अभियानका साथ घर नक्सा पास तथा अभिलेखिकरण प्रमाण पत्र लिनु पूर्व कम्तिमा दुई वटा बिरुवा अनिवार्य रुपमा रोपी संरक्षण गरेको प्रमाणको आधारमा प्रमाणपत्र दिने नीति लिइनेछ ।

74) बाँसगढी नगरपालिकाको क्षेत्रभित्र भएर बग्ने मानखोला, डुडुवा खोला, ग्याङ नदी, रेउ खोला, बबई नदी, लौहा खोला, कुथ्रा खोला लगायतका अन्य खोलाहरुले वर्षायाममा नदि छेउछाउका वस्ती प्रत्येक वर्ष डुबानमा पर्ने भएकोले संघ प्रदेश र गैरसरकारी संस्थाहरूसंग समन्वय एवं सहकार्य तथा आन्तरिक स्रोत परिचालन गरी बाढी र डुबान नियन्त्रणका लागि तटबन्धको ब्यवस्था गरिनेछ ।

75) वर्तमान अवस्थामा बजार तथा सार्वजनिक क्षेत्रमा शौचालयको अभाव अन्त्य गर्न पुराना शौचालयहरूको मर्मत सम्भार र स्थानीय प्रविधिबाट निर्माण भएका **घुम्ती शौचालयलाई** प्राथामिकता दिई सञ्चालनमा ल्याइनेछ ।

76) वन्यजन्तु र मानव बिचको द्वन्द्व न्यूनिकरण गर्न आवश्यक क्रियाकलाप सञ्चालन गरिनेछ ।

77) नगरपालिका र यस अन्तर्गतका कार्यालयबाट गरिने सेवा प्रवाहलाई पारदर्शी, मितव्ययी, गुणस्तरीय एवम् सूचना प्रविधिमैत्री बनाउन मानव संसाधन विकास तथा संस्थागत क्षमता विकास तर्फ विभिन्न तालिमहरू सञ्चालन गरिनेछ ।

कार्यालयका सेवा प्रवाहलाई स्वचालित (Automation) बनाउन सूचना प्रविधिको प्रयोग बढाउँदै Paperless & Faceless Government लाई अंगीकार गरिनेछ । कार्यसम्पादन, कार्यालयमा हुने उपस्थिति, अनुशासन तथा समयपालनालाई कार्यसम्पादन मूल्यांकन सँग र कार्यसम्पादन मूल्याङ्कनलाई पुरस्कार तथा दण्ड सँग जोडी सेवाप्रवाहलाइ थप प्रभावकारी बनाइनेछ ।

७८) कर्मचारी र सेवाग्राहीको अनुपात व्यवस्थित नहुँदा सेवा प्रवाहमा परिरहेको असरलाई कम गर्न स्वीकृत दरबन्दी बमोजिमका रिक्त पदहरूमा लोक सेवा आयोगबाट पदपूर्ति गरिनेछ । जनशक्ति व्यवस्थापनको चापलाई कम गर्दै गुणस्तरीय सेवा प्रवाहका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) गरि कार्यान्वयन गरिनेछ ।

७९) बेरुजु न्यूनीकरण तथा लेखापरीक्षण कार्यलाई व्यवस्थित गर्न आन्तरिक लेखापरीक्षण निर्देशिका तयार गरी शून्य बेरुजुको नगरपालिका बनाउन पहल गरिनेछ । अन्तिम लेखापरीक्षणबाट देखिएका बेरुजुको समयमै फर्स्यौट गर्न आन्तरिक नियन्त्रण प्रणाली विकास गरिनेछ ।

८०) **सुखी र खुशी हुनेछन् वृद्ध, युवा तथा बालबालिका, शुन्य सहनशीलताको नीतिले अघि बढ्यो हाम्रो पालिका** भन्ने मूल ध्येयलाई कार्यान्वयन गर्न सुशासन तथा दिगो विकासलाई आत्मसात गर्दै यस कार्यालय र यस अन्तर्गतका कार्यालयबाट हुने सेवाप्रवाहमा हुन सक्ने कमजोरी, ढिलासुस्ती र भ्रष्टाचारजस्ता कुराहरूको तीव्र समाधान गर्न Quick Response Team बनाइनेछ । QRT ले विपद व्यवस्थापन, बजार व्यवस्थापन, बजार अनुगमन, खाद्य गुणस्तर तथा नापतौल, खाद्य सुरक्षा, उपभोक्ता हित, वातावरण संरक्षण, फोहरमैला व्यवस्थापन, भौतिक पूर्वाधार निर्माण, योजना अनुगमन, मूल्यांकन तथा तथ्यांक व्यवस्थापन, खरिद प्रक्रिया लगायत नगरपालिका र यस अन्तर्गतका वडा कार्यालयहरू

तथा स्वास्थ्य संस्थाबाट हुने कार्यमा हुनसक्ने कमजोरीलाई समयमै समाधान गर्न गुनासो सुन्ने विधिहरू **हेलो मेयर, जनतासँग मेयर** कार्यक्रम, गुनासो सुन्ने ह्वाट्सएप नम्बर, गुनासो पोर्टल, सार्वजनिक सुनवाई र सेवाग्राही सन्तुष्टि सर्वेक्षण कार्यक्रम सञ्चालन गर्न क्विक रेस्पोन्स टिम सञ्चालन निर्देशिका बनाई क्विक रेस्पोन्स टिमले Proactive Government को रुपमा कार्य गर्नेछ । सेवा प्राप्तिका लागि सेवाग्राहीलाई बारम्बार कार्यालय आउने अवस्थाको अन्त्य गर्न कुनै सेवा प्राप्त गर्न आवश्यक पर्ने कागजातहरू उल्लेखित चेकलिस्ट सहितको **सेवा पुस्तिका** बनाई लागू गरिनेछ ।

८१) टोल विकास संस्था/बरघर संस्थाहरूको कामकारवाहीलाई पारदर्शी र सरल बनाउन संख्यात्मक रुपमा कम गर्दै एक आपसमा समायोजन / मर्ज गर्ने नीति लिइने छ । टोल विकास संस्था र बरघर संस्थाका पदाधिकारीहरूको क्षमता विकासका लागि निरन्तर कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

८२) **"कर तिर्नु कर्तव्य मात्र होईन गौरव पनि हो"** भन्ने अवधारणा विकास गर्न राजस्व सुधार योजना निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ । कर शिक्षा अभियान सञ्चालन गरि करको दायरामा नसमेटिएका व्यवसायहरूलाई करको दायरामा ल्याउन घुम्ती सेवा सहितको वृहत अभियान सञ्चालन गर्दै करदातालाई निश्चित समयावधिका लागी जरिवाना छुट / मिनाहा गरि नागरिकलाई कर तिर्ने वातावरण तर्फ उत्प्रेरित गरिनेछ ।

८३) घरधुरी अभिलेखीकरण तथा घर नक्सा पास लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै करदाता पहिचानको लागि तथ्याङ्क अद्यावधिकको व्यवस्था गरिनेछ । साथै नगरपालिकाको स्वामित्वमा रहेका सम्पत्तिहरु तथा अन्य सार्वजनिक सम्पत्तिहरुको उचित संरक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

८४) आन्तरिक राजस्व अभिवृद्धिका लागि सार्वजनिक, निजी र साझेदारी अन्तर्गत विभिन्न संघ संस्थाहरूसंग सहकार्य गर्दै आन्तरिक आय बढाउने नीति लिइनेछ । नगरपालिकाको आन्तरिक राजश्व वृद्धिमा योगदान गरेबापत सबैभन्दा बढी कर / राजश्व बुझाउने करदातालाई पुरस्कृत गर्ने प्रणाली विकास गरिनेछ ।साथै राजश्व सङ्कलनमा कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागी तालिमको ब्यवस्था गरिनेछ ।

८५) नगरपालिका क्षेत्रभित्र रहेका करदाताहरूको तथ्याङ्क संकलन गरि वहाल कर, व्यवसाय कर , सम्पत्ति तथा भूमिकर, विज्ञापन कर लगायतका करहरूको राजश्व चुहावट पूर्ण रुपमा नियन्त्रण गरिनेछ । राजस्वका क्षेत्रहरूको दायरा विस्तार गर्दै प्रगतिशील कर प्रणालीको विकास गरिनेछ । असंगठित तथा अव्यवस्थित बजारलाई व्यवस्थापन गर्ने, दर्ता तथा नवीकरण प्रणालीलाई तीव्र कार्यान्वयन गरिनेछ । अनलाइन प्रणालीबाट हुने व्यवसाय दर्तालाई अझ परिष्कृत बनाई छिटो, छरितो र गुनासो रहित बनाइनेछ ।

८६) नगरभित्र सञ्चालन हुने अटो तथा ई-रिक्साहरुको व्यवस्थापन र नियमनका लागि ई-रिक्सा दर्ता तथा संचालन प्रणाली बनाई कार्यान्वयन गरिनेछ ।

८७) नगर कार्यपालिका, वडा कार्यालय, विषयगत शाखा, सामुदायिक विद्यालयहरूमा इन्ट्रानेट (intranet) जडान गरि सेवा प्रदान गर्नुका साथै पालिकामा रहेको आफ्नै सर्भरलाइ लोकल सर्भर बनाइ सोही मार्फतनै सेवा सञ्चालन हुने ब्यवस्था मिलाइने छ ।

८८) हाल नगरपालिकाले सञ्चालन गरेको डिजिटल बाँसगढी नगर मातहतका सबै कार्यलयमा लागू गरिने छ । वडा कार्यालय लगायत नगरपालिकाले प्रदान गर्ने सेवाहरुलाइ बाँसगढी नगरपालिकाको मोबाइल एप अपग्रेड गरी सबै सेवाहरू Online Delivery मार्फत गरिने ब्यवस्था मिलाइने छ । सबै वडा कार्यालयहरूमा सेवा ग्राही आफैले सेवा लिन मिल्ने र

सोही स्थानबाटनै नगरको सूचना तथा समाचार सहितको नागरिक बडापत्र व्यवस्थापन गर्न Interactive touch board को ब्यवस्था गरिने छ ।

८९) सामुदायिक विद्यालयहरूमा नेपाल सरकार मातहतको सूचना तथा प्रविधि बिभाग मार्फत इ हाजिरीको ब्यवस्था मिलाइने छ । सबै वडा कार्यालयमा CC TV र डिजिटल नागरिक बडापत्रको ब्यवस्था मिलाइने छ ।

९०) बाँसगढी नगरपालिका भित्र रहेका संचार माध्यमहरु, पत्रपत्रिका तथा  एफएम रेडियोहरु सहकार्य तथा समन्वय गरिनेछ । **Online Bansgadhi**  सँगको साझेदारीमा पालिकाले गर्ने गतिविधिहरू मासिक रुपमा  बाँसगढी बुलेटिन मार्फत  प्रकाशन गरिने छ ।

९१) युवा रोजगारीका लागी रूपान्तरण पहल परियोजना तथा प्रधानमन्त्री रोजगार कार्यक्रम को बजेट श्रोतका आधारमा सूचिकृत बेरोजगार व्यक्तिहरूलाई अधिकतम रोजगारीमा संलग्न गराइनेछ । स्थानीय तहमा रहेका सीप विकास, उद्दमशिलता र रोजगारीको तथ्याङ्क संकलन र विश्लेषण गरी अवसरको पहिचान गरिनेछ । बेरोजगार व्यक्तिहरूका लागी सीपमूलक तथा क्षमता विकास क्रियाकलापको संयोजन तथा सञ्चालन गरिनेछ ।

९२) स्थानीय तहमा रहेका बेरोजगार युवाहरूको तथ्यांक संकलन गरि उत्पादन तथा विकास निर्माण सँग जोडेर रोजगार तथा स्वरोजगार बनाई स्थानीय तहको सामाजिक र आर्थिक उन्नतिमा सहयोग पुग्ने खालका कार्यक्रमको सञ्चालन गरिनेछ ।

९३) स्थानीय तहको माग र आवश्यकता अनुसार एकीकृत श्रम तथा रोजगार सेवा सञ्चालनका लागी स्थानीय तहको रोजगार रणनिति तर्जुमा र कार्यन्वयन गरिनेछ । साथै रोजगारीको हकको प्रभावकारी कार्यान्वयन, स्थानीय तहमा उपलब्ध हुने रोजगारको अवसरको पहिचान, समस्याको निदान र

रोजगारको क्षेत्रमा नवीनतम उपाय र विधिको पहिचान गर्न **रोजगार सम्बाद मञ्चको** तर्जुमा तथा सञ्चालन गरिनेछ ।

१४) वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्न आवश्यक सहजिकरण तथा परामर्श प्रदान गरिनेछ ।

१५) बाँसगढी नगरपालिकामा पर्यटकीय गन्तव्यको पहिचान गरि पर्यटन प्रवर्द्धन तथा विकासको लागि भौतिक पूर्वाधारको निर्माण, आवश्यक स्थानहरूमा सौन्दर्य तथा पर्यापर्यटनलाई टेवा पुग्ने प्रकृतिका कार्यक्रमहरूलाई प्राथामिकता दिई सञ्चालन गरिनेछ । ॐ केदारेश्वरधामलाई थप ब्यबस्थित बनाइ योगध्यान गर्ने ब्यवस्था मिलाइने छ । बड्कि भवानी मन्दिरलाइ गुरुवा बैधवा तथा प्राकृतिक चिकित्सा सेवाकेन्द्रको रुपमा विकास गरिने छ ।

१६) बिभिन्न भाषा, साहित्य, कला, संस्कृतिको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्न बाँसगढी प्रज्ञा प्रतिष्ठान स्थापना गरिनेछ । ॐ केदारेश्वरधाम, बड्की भवानी मन्दिर, विश्वेश्वर महादेव मन्दिर लगायतका स्थानहरूलाई प्रमुख धार्मिक पर्यटकीय गन्तव्यका रुपमा विकसित गर्दै लगिनेछ । बाँसगढी नगर भित्रका ऐतिहासिक, धार्मिक, सांस्कृतिक सम्पदाहरूको जिर्णोद्धार, संरक्षण, सम्वर्द्धन गरिनेछ ।

१७) च्यामा सिमसार क्षेत्र, मदन आश्रित ताल बाराही पार्क, बैलौली सिमसार क्षेत्र, शहीद स्मृति पार्क, दमौली चिल्ड्रेन पार्क, चटिया ताल, भगरैया ताल, बबई भ्याली, हिमशिखर वनवाटिका लगायतका क्षेत्रलाई प्रमुख पर्यटकीय क्षेत्रको रुपमा विकसित गर्दै लगिने छ । प्रमुख धार्मिक, सांस्कृतिक तथा पर्यटकीय क्षेत्रहरू समावेश गरी बाँसगढी सांस्कृतिक चक्रपथ (Cultural Circuit) निर्माण गरी लागू गरिनेछ । सांस्कृतिक चक्रपथको प्रचारप्रसारका लागि भिडियो डकुमेन्ट्री निर्माण, साइक्लिङ प्रतियोगिता, दौड प्रतियोगिता लगायतका कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।

९८) स्थानीय स्तरमा रहेका अन्तरव्यक्ति विवाद, सामूहिक विवाद र न्यायिक समितिको क्षेत्राधिकार भित्र रहेका देवानी प्रकृतिका विवादहरूलाई मेलमिलाप प्रक्रियावाट समाधान गर्ने र बहुसरोकारवाला विवादका साथै सार्वजनिक चासोका सबालहरू समाधानका लागि सम्बन्धित निकायहरूसँगको सहकार्यमा संवाद विधि अवलम्बन गरिनेछ ।

९९) विवाद समाधान गर्न मेलमिलाप सम्बन्धी आठ दिवसीय तालिम प्राप्त मेलमिलापकर्ता, व्यक्ति र सङ्घसंस्थालाई सहभागी गराई प्रत्येक वडाहरूमा मेलमिलाप केन्द्रहरू स्थापना गरी नगरवासीलाई छिटो छरितो न्यायमा पहुँच पुर्याइनेछ । साथै विवाद समाधान तथा न्याय निरुपणका लागि दक्ष जनशक्ति उत्पादन गर्न मेलमिलापकर्ता, न्यायिक समिति र द्धन्द्ध रूपान्तरणका क्षेत्रमा कार्यरत व्यक्तिहरूका लागि क्षमता विकास, आठ दिवसीय आधारभुत तालिम, पुर्नताजकी तालिम जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ । न्यायिक समिति, मेलमिलापकर्ता, कार्यपालिका सदस्य र माकुरा समुहको सहभागितामा अन्तरकृया, अभ्यास तथा अध्यापन अवलोकन भ्रमण तथा न्यायिक समितिका संयोजकहरू बिच अन्तर्पालिका कानुनी सचेतना र अनुभव आदानप्रदान कार्यक्रम सञ्चालन गरिनेछ ।

१००) मेलमिलापकर्ताको मासिक रुपमा अन्तरक्रिया गरिने छ । न्यायिक क्षेत्रका विज्ञजनबाट स्थानीय तहबाट हुन सक्ने न्यायिक निरुपणका उपायहरूका बारेमा न्यायिक समितिका पदाधिकारीहरू, जनप्रतिनिधिहरू, मेलमिलापकर्ता, टोल विकास संस्थाका पदाधिकारीहरू र बरघर संस्थाका पदाधिकारीहरू सँग अन्तरक्रिया तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

१०१) संघीय सरकार र  प्रदेश सरकारसँगको समन्वयमा भूमिहिन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासिहरुलाई आगामी आर्थिक वर्षभित्र जग्गाधनी दर्ता प्रमाणपुर्जा वितरण

गर्न पहल गरिने छ । सरकारी तथा सार्वजनिक जग्गाको संरक्षणका लागि अभिलेखीकरण गरी भू उपयोग योजनालाई प्रभावकारी रुपमा कार्यन्वयन गरिने छ ।

□□□□□□ □□□□□□□□□□□□□,

विकास शुसासन र स्मृद्द बाँसगढीको संकल्पलाइ साकार पार्न प्रस्तावित नीति तथा कार्यक्रमले महत्वपूर्ण योगदान पुर्याउने मेरो बिश्वास छ । कार्यपालिकाका सदस्य, राजनीतिक दल, निजी क्षेत्र नागरिक समाज र आम जनताको राय सुझावलाइ ग्रहण गर्दै यस नीति तथा कार्यक्रमको सफल कार्यन्वयनमा सम्बद्ध सवैको सहयोग रहने बिश्वासका साथ नगरको स्मृद्धि र विकासको अभियानमा सहभागिताका लागि आह्वान गर्दछु । अन्तमा यस अभियानमा सघाउ पुर्याउनु हुने सम्पूर्ण नगरवासी, नगरसभाका सदस्यहरु, राजनितिक दल, समाजसेवी, बिद्वत वर्ग, निजी क्षेत्र, नागरीक समाज,संघसंस्था, संचार जगत, राष्ट्र सेवक लगायत सवैलाइ हार्दिक धन्यबाद ज्ञापन गर्दछु ।

**धन्यवाद !**